सिमकोट गाउँपालिका

स्थानीय राजपत्र

सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला
कर्णाली प्रदेश, नेपाल
२०७३

| भाग २ | खण्ड ८ | संख्या २ |
| --- | --- | --- |

# उच्च शिक्षा छात्रवृत्ति सहयोग सम्बन्धी मापदण्ड २०८२

कार्यपालिका बैठक २०८२/०३/०६

गाउँसभाबाट पारित मिति २०८२/०३/१०

## उच्च शिक्षा छात्रवृत्ति सहयोग सम्बन्धी मापदण्ड,२०८२

सिमकोट गाउँपालिकाका आर्थिक तथा समाजिक रुपले पछि परेका समुदाय तथा अपाङ्गता भएका विद्यार्थीहरुको उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्न वाञ्छनीय भएकोले **गाउँ शिक्षा ऐन,२०७८ को दफा ३९** ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो मापदण्ड स्वीकृत गरेको छ। -+

**१ संक्षिप्त नाम र प्रारम्भः** यस मापदण्डको नाम **'उच्च शिक्षा छात्रवृत्ति सहयोग सम्बन्धी मापदण्ड,२०८२' रहेको छ।** यो मापदण्ड कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ।

**२ परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमाः-**

(क) 'उच्च शिक्षा' भन्नाले स्नातक वा सो सरहको तह देखि सो भन्दा माथिको तहको शिक्षा सम्झनु पर्छ।

(ख) 'विद्यार्थी' भन्नाले उच्च शिक्षामा अध्ययनरत सिमकोट गाउँपालिकामा स्थायी बसोबास भएका लक्षित समूहलाइ सम्झनु पर्छ।

(ग) 'सिफारिस समिति' भन्नाले दफा ७ बमोजिमको सिफारिस समिति सम्झनु पर्छ।

(घ) 'छात्रवृत्ति' भन्नाले यस मापडण्ढ बमोजिम उच्च शिक्षा पढ्ने विद्यार्थीलाई गापलिकाको कार्यालयले प्रदान गर्ने छात्रवृत्ति सम्झनु पर्छ।

(ङ) 'लक्षित समूह' भन्नाले सम्बन्धित स्थानीय तहको वडा कार्यालयको सिफारिस बमोजिम आर्थिक तथा सामाजिक रुपले पछि परेका वा दलित समुदाय तथा अपाङ्गता भएका विद्यार्थी सम्झनुपर्छ।

**३. छात्रवृत्ति वितरण गरिनेः**

(१) लक्षित समूहका विद्यार्थीहरुलाई उच्च शिक्षामा पहुँच अभिवृत्तिका लागि यस मापदण्ड बमोजिम छात्रवृत्ति वितरण गरिनेछ।

(२) उपदफा (क) बमोजिम छात्रवृत्ति वितरण गर्दा कुनै पनि बिषय पढ्नको लागि देहाय बमोजिम हुने गरी रकम उपलब्ध गरिनेछः-

(क) आर्थिक तथा सामाजिक रुपमा पछि परेको जनजाति , महिला तथा जेहेन्दार प्रत्येक विद्यार्थीका लागि।

(ख) दलित सामुदायका प्रत्येक विद्यार्थीका लागि।

(ग) अपाङ्गता भएका प्रत्येक विद्यार्थीका लागि।

**४. छात्रवृत्ति रकमको निर्धारणः**

विजय भण्डारी
अध्यक्ष

(१) न्यूनतम बीस हजार रूपैयाँदेखि अधिकतम पचास हजार रूपैयाँसम्म हुनेगरी छात्रवृत्ति रकमको निर्धारण सिफारिस समितिले गरेको निर्णय बमोजिम हुनेछ ।

(२) उपदफा (क) बमोजिम छात्रवृत्ति रकमको निर्धारण गर्दा लक्षित समूहका विद्यार्थीले अध्ययन गरिरहेको विषय संकायमा लागेको अध्ययन शुल्कलाई समेत सिफारिस समितिले गर्नेछ र एक जनालाइ एक पटक मात्र उपलब्ध गराइने छ ।

**५. आवेदन माग गरिने:**

(१) छात्रवृत्ति वितरणका लागि गाउँपालिकाबाट कार्यालयको वेबसाइटमा तथा अन्य सार्वजनिक सूचना प्रकाशन गरी लक्षित समूहका विद्यार्थीहरूसँग आवेदन माग गरिनेछ ।

(२) उपदफा (क) बमोजिम प्रकाशित सूचनाका आधारमा लक्षित समूहका विद्यार्थीले अनुसूची - १ बमोजिमको ढाँचामा छात्रवृत्ति प्राप्त गर्नका लागि निवेदन पेश गर्नुपर्ने छ ।

**६. आवेदनका लागि आवश्यक योग्यता र मापदण्ड:**

(१) आर्थिक तथा सामाजिक रूपले पछि परेका समुदायका विद्यार्थीका हकमा छात्रवृत्ति प्राप्त गर्नका लागि देहाय बमोजिमको योग्यता र मापदण्ड निर्धारण गरिएको छः-

(क) निजी विद्यार्थी नियमित रूपमा अध्ययन गरिरहेको व्यहोरा खुलेको सम्बन्धित शिक्षण संस्थाको सिफारिस पत्र । (यस्तो सिफारिस पत्रमा निजी विद्यार्थी उक्त शिक्षण संस्थामा अध्ययन गरिरहेको बखत नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा अन्य कुनै सरकारी तथा निजी संस्थाले प्रदान गर्ने कुनै पनि छात्रवृत्ति प्राप्त नगरेको व्यहोरा उल्लेख हुनुपर्ने),

(ख) सिमकोट गाउँपालिकामा स्थायी बसोबास खुल्ने नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,

(ग) निजी विद्यार्थीको परिवार आर्थिक तथा सामाजिक रूपले पछि परेको भनी सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,

(घ) निजी विद्यार्थीले शैक्षिक प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, सो भन्दा माथिल्लो तहमा भर्ना भएको प्रमाण पत्र, विद्यार्थी परिचयपत्र साथै, वार्षिक प्रणाली बमोजिम दोश्रो, तेस्रो, चौथो वा पाँचौ वर्षमा अध्ययनरत विद्यार्थीको हकमा अघिल्लो वर्षको मार्कसिटको प्रतिलिपि र सेमेस्टर प्रणालीको हकमा समेत अघिल्लो सेमेस्टरको मार्कसिटको प्रतिलिपि ।

**(२) दलित विद्यार्थीका हकमा छात्रवृत्ति प्राप्त गर्नका लागि देहाय बमोजिमको योग्यता र मापदण्ड निर्धारण गरिएको छः-**

(क) निजी विद्यार्थी नियमित रूपमा अध्ययन गरिरहेको व्यहोरा खुलेको सम्बन्धित शिक्षण संस्थाको सिफारिस पत्र । (यस्तो सिफारिस पत्रमा निजी विद्यार्थी उक्त शिक्षण संस्थामा अध्ययन गरिरहेको बखत नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा अन्य कुनै सरकारी तथा निजी संस्थाले प्रदान गर्ने कुनै पनि छात्रवृत्ति प्राप्त नगरेको व्यहोरा उल्लेख हुनुपर्ने),

(ख) सिमकोट गाउँपालिकामा स्थायी बसोबास खुल्ने नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,

विजय भण्डारी

(ग) निजी विद्यार्थीको परिवार आर्थिक तथा सामाजिक रूपले पछि परेको भनी सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,

(घ) निजी विद्यार्थीको शैक्षिक प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि । साथै, वार्षिक प्रणाली बमोजिम दोश्रो, तेस्रो, चौथो वा पाँचौं वर्षमा अध्ययनरत विद्यार्थीको हकमा अघिल्लो वर्षको मार्कसिटको प्रतिलिपि र सेमेस्टर प्रणालीको हकमा समेत अघिल्लो सेमेस्टरको मार्कसिटको प्रतिलिपि ।

**(३) अपाङ्गता भएका विद्यार्थीका हकमा छात्रवृत्ति प्राप्त गर्नका लागि देहाय बमोजिमको योग्यता र मापदण्ड निर्धारण गरिएको छः-**

(क) अपाङ्गता परिचय पत्रको प्रतिलिपि,

(ख) निजी विद्यार्थी नियमित रूपमा अध्ययन गरिरहेको व्यहोरा खुलेको सम्बन्धित शिक्षण संस्थाको सिफारिस पत्र (यस्तो सिफारिस पत्रमा निजी विद्यार्थी उक्त शिक्षण संस्थामा अध्ययन गरिरहेको बखत नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा अन्य कुनै सरकारी तथा निजी संस्थाले प्रदान गर्ने कुनैपनि छात्रवृत्ति प्राप्त नगरेको व्यहोरा उल्लेख हुनुपर्ने),

(ग) सिमकोट गाउँपालिकामा स्थायी बसोबास खुल्ने नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,

(घ) निजी विद्यार्थीको शैक्षिक प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि । साथै, वार्षिक प्रणाली बमोजिम दोश्रो, तेस्रो, चौथो वा पाँचौ वर्षमा अध्ययनरत विद्यार्थीको हकमा अघिल्लो वर्षको मार्कसिटको प्रतिलिपि र सेमेस्टर प्रणालीको हकमा समेत अघिल्लो सेमेस्टरको मार्कसिटको प्रतिलिपि ।

**७.सिफारिस समितिः** (१) छात्रवृत्ति वितरणका लागि कार्यपालिका समक्ष विद्यार्थीको नामावली सिफारिस गर्न देहाय बमोजिमको एक छात्रवृत्ति सिफारिस समिति रहनेछः-

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) आर्थिक प्रशासन शाखा प्रमुख-सदस्य

(ग) शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख-सदस्य सचिव

(२) उपदफा (क) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) गाउँपालिकाको तर्फबाट छात्रवृत्तिका लागि सूचना प्रकाशन गर्ने,

(ख) विद्यार्थीले अध्ययन गरिरहेको विषय संकायमा निर्धारण गरेको दफा ३ को (१) बमोजिम छात्रवृत्ति रकमको निर्धारण गर्ने,

(ग) विद्यार्थीबाट प्राप्त आवेदनको अध्ययन गरी छात्रवृत्ति वितरणका लागि कार्यपालिका समक्ष सिफारिस गर्ने

**८. छात्रवृत्ति वितरण**: सिफारिस समितिले गरेको सिफारिसको आधारमा सम्बन्धित विद्यार्थीको बैंक खातामा छात्रवृत्ति रकम जम्मा गरिनेछ ।

**९. मापदण्डको संशोधन**: यस मापदण्डको संशोधन गर्ने अधिकार कार्यपालिकामा निहित रहनेछ ।

अनुसूची १

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

**छात्रवृत्तिका लागि कार्यालय समक्ष पेश गरिने निवेदनको ढाँचा**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,

मितिः

सिमकोट गाउँपालिका,हुम्ला ।

विषयः छात्रवृत्तिका लागि निवेदन पेश गरिएको सम्बन्धमा ।

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति....... मा प्रकाशित सूचना बमोजिम तपसिल बमोजिमको विवरण र संलग्न कागजातसहित कार्यालयले उपलब्ध गराउने छात्रवृत्ति प्राप्त गर्नका लागि यो निवेदन पेश गरेको छु ।

तपसिलः

१. अध्ययन गरिरहेको तह र विषय/संकायः

२. अध्ययनरत संस्था/विश्वविद्यालयको नाम र ठेगानाः

३. अध्ययनसंग संलग्न कागजातहरूः

क. निवेदक अध्ययन गरिरहेको शैक्षिक संस्थाको तह, विषय/संकाय र अध्ययन शुल्क खुलेको तथा अन्य निकायबाट कुनै किसिमको रकम प्राप्त नगरेको सिफारिस-पत्र,

ख. निवदेकको नेपाली नागरिकताको प्रमाण-पत्र वा स्थायी बसोबास खुल्ने प्रमाणपत्रको प्रतिलिपि,

ग . निवेदक आर्थिक तथा सामाजिक रूपले पछि परेको परिवारको सदस्य भनी सम्बन्धित स्थानीय तहको सिफारिस -पत्र (आर्थिक तथा सामाजिक रूपले पछि परेकाको हकमा),

घ. अपाङ्गता परिचय पत्रको प्रतिलिपि (अपाङ्गता भएका विद्यार्थीको हकमा),

ङ. शैक्षिक प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

विजय भण्डारी
अध्यक्ष

निवेदक

नामः.....